# पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः०८ | मितिः २०८०।०९।१८

## भाग-२

## पथरी शनिश्चरे नगरपालिका

कार्यविधिको नामः विपन्न नागरिक आवास योजना सम्वन्धि कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०।०९।१६

प्रमाणिकरण मितिः२०८०।०९।१८

# विपन्न नागरिक आवास योजना सम्वन्धि कार्यविधि, २०८०

**प्रस्तावना:**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न र गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरबार विहिन भएका, घर परिवारका अधिकांश सदस्य अपाङ्ग भएका कारण घर निर्माण गर्न नसकी सुरक्षित घर विहिन भएका, अनाथ बालवालिका, वृद्ध वृद्धा, एकल महिला मात्र बसोबास गर्ने तर सुरक्षित घर नभएका परिवारलाई संविधानले दिएको मौलिक हकको अधिकार मार्फत विपन्न नागरिक आवास योजना मार्फत "नगरपालिकाको सहयोग र भर, घर विहिनलाई सुरक्षित घर " नामक नगरपालिकको नारालाई मूर्त रुप दिन बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पथरी शनिश्चरे नगरपालिकाले विपन्न नागरिक आवास योजना सम्वन्धी कार्यविधि, २०८० बनाएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "विपन्न नागरिक आवास योजना सम्वन्धि कार्यविधि २०८०" रहेकोछ।

(ख) यो कार्यविधी राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

**(२) परिभाषाः**

२.१. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

२.२. " सभा " भन्नाले पथरीशनिश्चरे नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

२.३. "कार्यपालिका " भन्नाले पथरीशनिश्चरे नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

२.४. "नगर प्रमुख " भन्नाले पथरी शनिश्चरे नगरपालिकाका नगरप्रमुख सम्झनु पर्दछ।

२.५. "नगर उप प्रमुख " भन्नाले पथरी शनिश्चरे नगरपालिकाका उपप्रमुख सम्झनु पर्दछ।

२.६. "प्रमुख प्रशासकीय अधिकृत भन्नाले "पथरी शनिश्चरे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

२.७ " नगरपालिका भन्नाले " पथरी शनिश्चरे नगरपालिका भन्ने सम्झनु पर्दछ।

२.८ " विपन्न नागरिक आवास योजना भन्नाले " कावु बाहिरको परिस्थितिको उपज बाहेक विपन्न नागरिकलाई सुरक्षित रुपमा बसोबास गर्न बसोबास गर्न कठिन भएका घरहरुमा हावा, पानी थेग्न सक्ने गरी काठ, ईटा, ढुङ्गा वा बल्क आदिको गारो लगाई जस्तापाताको छाना लगाउन सक्ने गरि नगरपालिकावाट अनुदान दिने वा नगरपालिकाको तर्फवाट घर निर्माण गरि हस्तानतरण गर्ने योजना सम्झनु पर्दछ।

२.९ " लक्षित वर्गको छनौट समिति भन्नाले यस निर्देशिकाको दफा ६.१ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

२.१० " लक्षित वर्ग भन्नाले " गरीबीको रेखामुनि रहेका, बसोबासको लागि देशका कुनै पनि स्थानमा घर नभएका, १ कठ्ठा सम्म जमिन भए पनि बेचबिखन गर्ने अन्य सम्पत्ति नभई घर निर्माण गर्न नसकिरहेका नागरिक, भूमिहिन सुकुम्बासी, आफ्नो स्वामित्वमा घर भए पनि घरको छाना विपाल पाल तथा पलास्टिकको छानो मुनि बसोबास गरेका, बाँसको घेराबेरा गरेका, घरका अधिकांश सदस्य अपाङ्गता भएका कारण घर निर्माण गर्न नसकेका, घर बिहिन अनाथ बालबालिका मात्र रहेका, परिवार बेगरका एकल महिला/बृद्ध बृद्धा मात्र भएका, बाढीबाट विस्थापित परिवार तथा आगलागीका कारण घर निर्माण गर्न नसक्ने परिवार सम्झनु पर्दछ।

२.११ " विशेष परिस्थिति भन्नाले" सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ ले परिभाषित गरेको विशेष परिस्थितिका अतिरिक्त लाभग्राही परिवारको एकघरको परिवारको सदस्यको मृत्यु भई काजकृया गरीएको अधिकतम १६ दिनको समयलाई सम्झनु पर्दछ।

२.१२ "अन्य सरकारी तथा गैर सरकारी दाता" भन्नाले नगरपालिका बाहेकका संस्था वा यस कार्यक्रममा सम्मिलित हुन चाहने अन्य व्यक्ति समेत भन्ने सम्झनु पर्दछ।

## परिच्छेद-२

## लक्षित वर्गको पहिचान, छनौटका आधार , कार्यक्रम सञ्चालन गर्ने स्थान र अनुदानको प्रकार

**(३) लक्षित वर्गको पहिचानः** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरीनेछ।

(क) लक्षित वर्ग बसोवास गर्दै आएको घरको छाना पराल, स्याउला, प्लास्टिक, विटुमिनको ड्रम वा यस्तै प्रकारका वस्तुबाट छाएका, घरको छाना छाएको भए पनि जिर्ण अवस्थाको छानो भएका कारण हावा हुँरी र पानी थेग्न् नसक्ने अवसस्था भएका घर वा आगो, पानी तथा हुँरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीवाट छाएका घर परिवार।

(ख) गरीबीको रेखा मुनि रहेका कारण घर निर्माण गर्न नसकिरहेका परिवार।

(ग) आफ्नो स्वामित्वमा १ कठ्ठा भन्दा कम जमिन भए पनि घर निर्माण गर्न असमर्थ भएका नागरिक वा घर विहिन भूमिहिन सुकुम्वासी परिवार, परिवारमा अपाङ्गता, वृद्ध तथा एकल महिला (अन्य सदस्य विहिन) भएका व्यक्तिका कारण सुरक्षित घर बनाउन असमर्थ भएका परिवार।

(घ) बाढीका कारण घर विहिन भएका परिवार।

(ङ) १ कठ्ठा भन्दा कम जमिनमा बनेको घर आगलागीका कारण घर नस्ट भएको र निजका एकल घरका परिवारको कुनै पनि सदस्य नेपालका कुनै सरकारी, अर्ध सरकारी, गैर सरकारी, वा वैदेशिक रोजगारीमा संलग्न नभएको परिवार।

**(४) लक्षित वर्ग छनौटका आधारः** विपन्न नागरिक आवास योजना सम्वन्धि कार्यक्रम मार्फत

लक्षित वर्गलाई सुविधा प्रदान गर्न लक्षित वर्ग छनौटको आधार तथा विधि देहाय बमोजिम हुनेछन् ।

(क) वडा कार्यालयले दफा ३ बमोजिम लक्षित वर्गको पहिचानका बारेमा लाभग्राहिलाई स्पस्ट पारी अनुसूची-१ बमोजिमको ढाँचामा लाभग्राहीबाट निवेदन लिनु पर्नेछ।

(ख) लाभग्राहीबाट निवेदन लिई सकेपश्चात् निवेदनमा भएको विवरण सही भएको खण्डमा वडा कार्यालयले वडा कार्यालयको सिफारिस सहित अनुसूची-२ प्रमाणित गरी नगरपालिकामा पेश गर्नु पर्नेछ।

(ग) वडा समितिले देहायका आधारमा लक्षित वर्गको प्राथमिकीकरण गर्नु पर्नेछ।

(ग.१) जिविकोपार्जन गर्न नसक्ने अपाङ्गगता भएका व्यक्ति मात्र घर विहिन अवस्थामा बसोबास गर्ने वा जिविकोपार्जन गर्न सक्ने परिवारका एक सदस्य बाहेक सवै सदस्यहरु अपाङ्गता भइ रातो कार्ड र निलो कार्ड लिएको र घर विहिन अवस्था भएमा प्राथमिकता-१

(ग.२) अनाथ बालबालिका मात्र भएका र घर विहिन अवस्था भएमा प्राथमिकता -२

(ग.३) जिविकोपार्जन गर्न सक्ने परिवारका दुई सदस्य बाहेक सवै सदस्यहरु अपाङ्गता भई रातो र निलो कार्ड लिएको र घर विहिन अवस्था भएमा प्राथमिकता-३

(ग.४) एकल महिला तथा वृद्धहरु जसको परिवारका कुनै पनि सदस्य नभएका, बेचबिखन गर्न २ लाख सम्मको जायजेथा नभएका घर विहिन अवस्था भएमा प्राथमिकता -४

(ग.५) घर नभएका भूमिहिन सुकुम्वासी वा १ कठ्ठा सम्म जमिन भएर पनि आगलागिका कारण घर नस्ट भएका परिवार जस्को वेचविखन गर्ने २ लाख सम्मको कुनै जायजेथा नभएका तथा सरकारी/ गैरसरकारी संस्थावाट रु ५० हजार भन्दा कम रकम सहयोग प्राप्त भएको परिवार भएमा प्राथमिकता-५

(ग.६) बाढी तथा जङ्गली जनावारका कारण घर विहिन भई अन्य सरकारी तथा गैर सरकारी संस्थाबाट रु ५० हजार भन्दा कम सहयोग प्राप्त भएको परिवार भएमा प्राथमिकता-६

(ग.७) घर भएका तर घरको छाना पराल, स्याउला, प्लास्टिक, विटुमिनको ड्रम वा यस्तै प्रकारका वस्तुबाट छाएका वा घरको छाना जस्ताले छाएको भए पनि जिर्ण भएका कारण हावा र पानी थेग्न नसक्ने भएको र आगो, पानी तथा हुँरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएका घर भएमा प्राथमिकता-७

(ग.८) संघीय सरकारद्धारा जारी भएको शुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम जस्ताको छाना लगाउने प्रयोजनका लागी नगरपालिका मार्फत अनुदान उपलब्ध गराइएको भए पनि घर निर्माणको क्रममा छाना छाउन रकम अभाव भएका कारण टिनको छाना छाउन असमर्थ भएको परिवार भएमा प्राथमिकता-८

**(५) फेरबदल गर्न सक्नेः** दफा ४ मा जे सुकै कुरा लेखिएको भए पनि वडा समितिले प्राथमिकिकरण गरी नगरपालिकामा पेस गरेको विवरणका सम्वन्धमा लक्षित वर्ग छनौट समितिले स्थलगत अनुगमन गर्दा प्राथमिकिकरणमा फेरबदल गर्न आवश्यक देखेको खण्डमा औचित्यको आधारमा फेरबदल गर्न बाधा पर्नेछैन।

CamScanner

## परिच्छेद-३
## लक्षित वर्ग छनौट समिति तथा अनुगमन समितिको गठन

**(६) लक्षित वर्ग छनौट समिति तथा अनुगमन समितिः-** विपन्न नागरिक आवास योजना सम्वन्धि कार्यक्रम अन्तर्गत लक्षित वर्ग छनौट समिति तथा अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ।

(६.१) लक्षित वर्ग छनौट समितिको गठनः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | कार्यपालिकाले तोकको कार्यपालिका सदस्य मध्ये एक जना | सदस्य - |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) | इन्जिनियर | -सदस्य |
| (च) | योजना शाखा प्रमुख | सदस्य - सचिव |

(६.२) लक्षित वर्ग छनौट समितिको काम कर्तव्य र अधिकारः लक्षित वर्ग छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन।

(क) वडा कार्यालयवाट प्राप्त अनुसूचीलाई संकलन गर्ने ।

(ख) प्राप्त अनुसूची अनुसारका लाभग्राहीको विवरणलाई स्थलगत अनुगमन गरी यकिन गर्ने र प्रतिवदेन सहित कार्यपालिकामा पेस गर्ने।

(ग) लाभग्राहीले पाउने अनुदानको प्रकार तथा दफा ७.२ बमोजिम प्राथमिकिकरणका आधारमा सम्बन्धित लाभग्राहीलाई दिइने रकम यकिन गरी कार्यपालिकामा पेश गर्ने।

(घ) कार्यक्रम सञ्चालनको सिलसिलामा कुनै बाधा आइपरेमा सहजीकरण गर्ने।

(ङ) सुरक्षित नागरिक आवास कार्यक्रमलाई दिगो विकासका लागि अन्य सरकारी तथा गैर सरकारी निकाय समक्ष समन्वय गर्ने।

(च) लाभग्राहीले प्राप्त गरेको अनुदानको रकम सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन समितिसँग समन्वय गर्ने।

(छ) लाभग्राही र नगरपालिकाको अनुदानबाट संयुक्त रुपमा निर्माण भएका शुरक्षित आवासहरुको मुल्याङ्कन गर्न लगाउने ।

(६.३) अनुगमन समितिको गठनः विपन्न नागरिक आवास निर्माण कार्यक्रम अन्तर्गत

लाभग्राहीलाई उपलव्ध हुने अनुदानको रकम सहि सदुपयोग गरी संविधान प्रदत्त आवासको मौलिक हक मार्फत सेवा उपलव्ध गराउने उद्देश्यले देहाय वमोजिमको अनुगमन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख) सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| (घ) कार्यपालिकाका सदस्य मध्ये १ जना महिला सदस्य | सदस्य |
| (ङ) इन्जिनियर | सदस्य |
| (च) योजना शाखा प्रमुख | सदस्य -सचिव |

(६.४) अनुगमन समितिको काम कर्तव्य र अधिकार:कार्यक्रमवाट अपेक्षा गरीएको नतिजा प्रासिका लागी अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विपन्न नागरिक आवास निर्माण कार्यक्रम सञ्चालनमा देखिएका समस्या समाधान गर्ने ।

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकताका आधारमा योजना सञ्चानको शिलशिलामा अनुगमन गरी लक्षित वर्ग छनौट समिति र कार्यपालिकालाई जानकारी गराउने।

(ग) लक्षित वर्गको खातामा रकम निकाशा भएपश्चात् अनुदान रकमको सहि सदुपयोग भएको नभएको सम्वन्धमा अनुगमन गरी कार्यालयलाई जानकारी दिने।

(घ) लाभग्राहीलाई प्रदान गरीएको अनुदान तथा अन्य सरकारी, गैर सरकारी/दाताबाट प्राप्त अनुदान रकम हिनामिना, अनियमिता भएमा वा गुणस्तरहीन काम भएको यकिन भएमा तत्काल काम गर्न रोक लगाउने र आफ्नो राय सहित प्रतिवेदन नगरपालिकामा पेश गर्ने।

(ङ) सम्वन्धित लाभग्राही तथा अन्य सरकारी, गैर सरकारी/दाताबाट लागत सहभागिता वा वस्तुगत सहायताका लागि सम्झौता बमोजिम प्रतिवद्धता गरेको हिस्सा बमोजिमको रकम वा वस्तुगत सहायतामा सामेल भएको नभएको यकिन गर्ने।साथै प्रतिवद्धता बमोजिमको हिस्सामा सामेल नभएको खण्डमा कार्वाहीका लागि नगरपालिकामा राय सहित प्रतिवेदन पेश गर्ने ।

(च) निर्माण कामको शुरुवात भई सके पश्चात प्रत्येक पटक लाभग्राहीको खातामा भुक्तानी गर्नु अघि कार्यक्रमको अनुगमन गरी भुक्तानीका लागि सिफारिस गर्ने।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन गर्ने स्थान र अनुदानको प्रकार

**(७) विपन्न नागरिक आवास योजना सञ्चालन गर्ने स्थान र अनुदानको प्रकारः** विपन्न नागरिक आवास योजनाको लाभ सम्वन्धित लक्षित वर्गका लागि प्राथमिकताका आधारमा मात्र उपलव्ध गराउने उद्देश्यले कार्यक्रम गरीने स्थान र अनुदानको प्रकार देहाय बमोजिम हुनेछ।

(७.१) योजना सञ्चालन गरिने स्थानः विपन्न नागरिक आवास योजना पथरी शनिश्चरे नगरपालिका क्षेत्र भित्र का १० वटै वडामा सञ्चालन गरीनेछ तर आवश्यकता, प्राथमिकिकरण, लक्षित वर्ग छनौट समितिको स्थलथगत अनुगमन तथा स्रोत व्यवस्थापनको आधारमा सो भन्दा कम वडा मात्र सञ्चालन गर्न वाधा पर्नेछैन।

(७.२) अनुदानको प्रकारःदफा ४ (ग) को प्राथमिकीकरणका आधारमा लाभग्राहीलाई दिइने अनुदान प्रकार सिमा देहाय बमोजिम हुनेछ।

(क) प्राथमिकता-१ र २ मा परेका वर्गका लागि वस्तुगत अनुदान (घर) उपलब्ध गराउदा प्राविधिक लागत अनुमानको आधारमा नगरपालिका आफैंले वढिमा रु ३५००००।०० सम्मको घर निर्माण गरी हस्तानतरण गर्नेछ।

(ख) प्राथमिकता- ३ र ४ मा परेका वर्गका लागी नगद अनुदान उपलब्ध गराउँदा वढीमा रु २,७५,०००।०० सम्म उपलव्ध गराइनेछ।

(ग) प्राथमिकता ५ र ६ मा परेका लक्षित वर्गका लागि नगद अनुदान उपलब्ध गराउदा वढीमा रु २,००,०००।०० सम्म उपलव्ध गराइनेछ।

(घ) प्राथमिकता ७ र ८ मा परेका व्यक्तिका लागि घरको जस्ता पाताले छाउने प्रयोजनार्थ वढीमा रु ७५,०००।०० उपलव्ध गरीनेछ।तर नगरपालिकाले यो निर्देशिका जारी गर्नु अघि नै अनुदान मार्फत वसोवार गर्न योग्य घर निर्माण गरी सकेका नागरिकको हकमा अनुदान उपलव्ध गरीनेछैन।

(७.३) उपदफा (७.२) मा जे सुकै कुरा लेखिएको भए पनि लक्षित वर्गले नगरपालिकाबाट दिइने अनुदानमा लागत सहभागिता जनाउन चाहेमा वा अन्य सरकारी तथा गैर सरकारी निकायले समेत लाभग्राहीको घर निर्माणमा लागत सहभागिता वा वस्तु सहाएता (निर्माण सामाग्री) दिई साझेदारीको रुपमा संलग्न हुन चाहेमा बाधा पर्ने छैन।तर यसरी प्राप्त हुने वस्तुगत सहायताका सामाग्रीको गुणस्तर परीक्षण गरेको प्रमाण सम्वन्धित साझेदार संस्थाले नगरपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था

**(८) कार्यपालिकावाट निर्णय गर्नु पर्नेः** (१) नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने सवै नागरिकलाई सुरक्षित आवासको हक प्रदान गर्ने उदेश्यले नगरपालिकाद्वारा सञ्चालित यो योजना सञ्चान गर्न यसै कार्यविधिको दफा (६.२) बमोजिमको समितिले वडा कार्यालयबाट प्राप्त लाभग्राहीको विवरणलाई स्थलगत अनुगमन गरी नगरपालिकाको तर्फबाट औचित्य र

विनियोजित बजेटका आधारमा दफा (७.२) को सिमामा रही लाभग्राहीलाई प्रदान गरीने घर वा नगद अनुदानको रकम एकिन गरी कार्यपालिकावाट स्वीकृत गर्नु पर्नेछ।

(८.२) दफा ८(१) बमोजिम कार्यपालिकावाट लाभग्राहीलाई दिने अनुदान स्वीकृत भएपश्चात् प्रमुख प्रशासकीय अधिकृत मार्फत उक्त कार्यक्रम सञ्चालन गर्न योजना शाखामा पठाउनु पर्नेछ।

**(९) लागत सहभागित र वस्तुगत सहायता एकिन गर्नु पर्नेः**दफा ८(२) बमोजिम लाभग्राहीको विवरण र प्रदान गरीने अनुदानको रकम योजना शाखामा प्राप्त भएपश्चात् योजना शाखाले सम्वन्धित लाभग्राहीसँग निजले लगाउन सक्ने लागत सहभागिता वा अन्य सरकारी तथा गैर सरकारी निकाय/दातावाट प्राप्त हुन सक्ने नगद सहभागीत वा वस्तुगत सहायताका सम्वन्धमा पुन यकिन गर्नु पर्नेछ।

**(१०) लागत अनुमान तयारको तयार गर्नेः** (१) दफा (९) बमोजिम योजना शाखावाट लाभग्राहीलाई दिइने अनुदानको रकम एकिन भएपश्चात् योजना शाखाले लागत अनुमान तयार गर्नेछ ।यसरी लागत अनुमान तयार गर्दा नगरपालिकाको अनुदान, सम्वन्धित लाभग्राहीवाट सहभागीता जनाउने रकम वा श्रमदान तथा सरकारी, गैरसरकारी निकाय/ दाताको तर्फवाट सहभागिता जनाउने नगद अनुदान वा वस्तु सहायता सहितको लागत अनुमान वनाउनु पर्नेछ।

(२) दफा १०(१) बमोजिम लागत अनुमान तयार गर्दा कुनै लाभ ग्राहीले यो निर्देशिका जारी हुन अधि नै घर निर्माणको कुनै हिस्सा तयार गरीसकेको भए सो हिस्सा बाहेक पुर्ण रुपमा घर निर्माण गर्न आवश्यक पर्ने लागत अनुमान तयार गर्न तथा मर्मत गर्न आवश्यक पर्ने भए सहितको लागत अनुमान तयार गर्न वा मर्मत गर्नु पर्ने हिस्साको मात्र लाग्ने लागत एकिन गरी लागत अनुमान तयार गर्न वाधा पर्ने छैन।

**(११) बैंक खाता खोल्नु पर्नेः** (१) दफा (१०) बमोजिम लागत अनुमान तयार भएपश्चात् सम्वन्धित लाभग्राहीले आफ्नै नाममा राष्ट्र वैंकवाट मान्यता प्राप्त "ख" श्रेणीको बैंकमा खाता खोल्नु पर्नेछ र लाभग्राहीले नगरपालिकावाट उपलव्ध गरीने सुरक्षित नागरिक आवास कार्यक्रमका लागी सम्झौता गर्नु अधि नै उक्त खातामा लागत सहभागीता जनाउने रकम जम्मा गरी नगरपालिकामा उपलव्ध गराउनु पर्नेछ।

(२) दफा ११ को उपदफा १ को स्पष्टिकरणका लागी सहकारीमा खोलिएको खातालाई मान्यता प्रदान गरीनेछैन।

(३) दफा ११ को १ मा जे सुकै कुरा लेखिएको भए पनि कुनै लाभग्राहीलाई नगरपालिकाको तर्फवाट निर्मित घर नै उपलवध गराइने भएमा वा विशेष परिस्थितिमा बस्तुगत सहायता नै खरिद गरी दिनु पर्ने भएमा लाभग्राहीले खाता खोल्नु पर्नेछैन।

**(१२) लाभग्राही संगको सम्झौताः** दफा १० बमोजिम लाभग्राहीको घर निर्माण सम्वन्धि लागत अनुमान तयार भएपश्चात् योजना शाखाले लाभग्राहीबाट प्राप्त हुने लागत तथा श्रमदान र अन्य सरकारी तथा गैर सरकारी निकाय/दाताबाट समेत प्राप्त हुने लागत ,वस्तुगत सहायता प्राप्त हुने एकिन भएमा त्रि-पक्षिय सम्झौता गर्नु पर्नु पर्नेछ ।तर अन्य सरकारी तथा गैर सरकारी निकाय/ दाता सम्मिलित हुन नआएमा द्वि-पक्षीय र नआएमा पुन लागत अनुमान संशोधन गरी सम्झौता गर्न वाधा पर्ने छैन।

CamScanner

(१३) **रकम निकाशाः** (१)नगरपालिका र लाभग्राहीको बीच विपन्न नागरिक आवास योजना कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि सम्झौता भएपश्चात् सम्बन्धित लाभग्राहीको खातामा देहाय बमोजिम रकम निकाशा गरीनेछ।

(२)अनुदान रकमको सहि सदुपयोग होस् भन्ने उदेश्यले लाभग्राहीलाई कार्यप्रगतीको आधारमा बिल, भरपाई , प्राविधिक मूल्याङन र अनुगमन समितिको प्रतिवेदन नगरपालिका पेश भएपश्चात लाभग्राहीके बैंक खातामा रकम निकाशा गरीनेछ। तर लाभ ग्राही अति नै विपन्न भएको खण्डमा वडाको सिफारीसको आधारमा लाभग्राहीलाई ३३ % सम्म पेश्की दिन बाधा पर्ने छैन।

(३)कुनै लाभग्राहीलाई एक पटक दिएको पेश्की फर्छ्यौट नभई अर्को किस्ता पेश्की दिइनेछैन साथै लाभग्राहीलाई बढीमा दुई पटक भन्दा बढी र अन्तिम किस्ता पेश्की दिइनेछैन।

## परिच्छेद-६
## विविध

(१४) **अनुदान रकम असुल उपर गराइनेः**कुनै पनि लाभग्राहीले झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान लिएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा विशेष परिस्थिति बाहेक पेश्की पाएको मितिले १५ दिन भित्रमा कार्य प्रारम्भ नगरेमा नगरपालिकाले पेश्की रकम असुल उपरका लागि सरकारी बाँकी सरह कार्यवाही चलाउनेछ र बाँकी किस्ता उपलब्ध गराउनेछैन। साथै झुटा विवरण पेश गरि अनुदान माग गर्ने लाभग्राहीको हकमा नगरपालिकाले उपलब्ध गराउने विपन्नर नागरिक विमा कार्यक्रम लगायतका अन्य सेवा सुविधा उपलब्ध गरीनेछैन।

(१५) **बेचविखन गर्न नपाउनेः** (१)यसै निर्देशिकाको दफा (७.२)अन्तर्गत १ र २ नम्बर प्राथमिकतामा परेका लक्षित वर्गले ५ वर्ष सम्म विपन्नश नागरिक आवास योजना अन्तर्गत प्राप्त गरेको घर बिक्री गर्न पाउने छैनन।

(२)निर्देशिकाको दफा (७.२) अन्तर्गत प्राथमिकता नम्बर २ ,३,४,५र ६ मा परेका व्यक्तिका लागि नगरपालिकाबाट अनुदान उपलब्ध गरिएको भएमा २ वर्ष सम्म र सो भन्दा माथी अनुदान उपलब्ध गरीएको भएमा लाभग्राहीले कम्तिमा ३ वर्ष सम्म घर बिकि गर्न पाउने छैनन।

(३) निर्देशिकाको दफा (७.२) अन्तर्गत प्राथमिकता नम्बर ७ र ८ अन्तर्गत अनुदान प्राप्त गर्ने

व्यक्तिले कम्तिमा १ वर्ष घर बिक्रि वितरण गर्न पाउने छैनन।

(१६)**अनुदानको रकम एक पटक मात्र पाउने:** (१) कुनै पनि लक्षित वर्गलाई यस कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराइसके पछि लाभग्राहिले अनुदानबाट प्राप्त गरेको घर वा अनुदान रकम प्रयोग गरी निर्माण तथा मर्मत गरेको घर वेचविखन गरेको भए पनि पुन अर्को पटक अनुदान उपलब्ध गरीनेछैन।

(१७)**एकाघरका परिवारले अनुदान नपाउने:** यस निर्देशिकामा अन्यत्र जेसुकै कुरा लेखिएको भए पनि एकाघरका परिवारका सदस्यलाई एक पटक नगरपालिकावाट विपन्नश नागरिक आवास योजना कार्यक्रम अन्तर्गत अनुदान दिई सके पछि पुन सोहि परिवारको अर्को सदस्यलाई यो अनुदान दिइनेछैन।

(१८) **खारेजी र बचाउः** (क)यस निर्देशिका भएका कुराको हकमा यसै निर्देशिका वमोजिम र नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ।

(ख) यो निर्देशिका कार्यपालिकावाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएका मितिवाट लागू हुनेछ।

(ग) यस निर्देशिकाको ब्याखामा संसोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

अनुसुची- १

दफा ४ संग सम्वन्धित

लाभग्राहीले दिने निवेदनको ढाँचा

श्री मान वडा अध्यक्ष ज्यू

पथरी शनिश्चरे नगरपालिका वडा न..........

विययःविपन्ना नागरिक आवस निर्माण कार्यक्रमको सुविधा पाँउ भन्नेर सम्वन्धमा।

प्रस्तुत विषयमा मेरो सुरक्षितमा वसोवास गर्ने घर नभएको र यसै निवेदनमा उल्लेख भएका विवरण मध्ये म श्री / सुश्री .....................................................................सि न. ........... अन्तर्गत पर्ने भएकोले सोहि नम्वरमा टिक लगाएको हुँदा मेरो घर निर्माण गर्ने प्रयोजनका लागी नगरपालिकाको निर्णय अनुसार प्राप्तहुन सक्ने विपन्न- नागरिक आवास योजना अन्तर्गतको सुविधा उपलब्ध गराइ दिनु हुन अनुरोध छ। साथै मैले तपशिलमा संकेत गरेको विवरण झुटा ठहरे कानून बमोजिम सहने/बुझाउने छु।

तपशिल

(१)मेरो घरमा जिविकोपार्जन गर्न सक्ने म बाहेक परिवारका सबै सदस्य अपाङ्गता भई रातो रातो र निलोकार्ड लिएका र घर नभएको अवस्था भएकोले। घरः ☐ नगदः ☐

(२)मैले संरक्षकत्व लिएका अनाथ बालबालिका मात्र वसोवास गर्ने भई घर विहिन अवस्था भएकोले।घर ☐

(३)म सहितजिविकोपार्जन गर्न सक्ने परिवारकादुई सदस्य बाहेक सबै सदस्यहरु अपाङ्गता भई रातो/ निलोकार्ड लिएको र घर विहिन अवस्था भएकोले। नगद ☐

(४)म एकल महिला तथा वृद्ध/बृद्धाहरु मात्रवसोवास गर्ने र परिवारका कुनै पनि सदस्य नभएका , बेचविखन गर्न २ लाख सम्म पनि जायजेथा नभएको अवस्था भएकोले।नगद ☐

(५.क)मेरो घर नभएको र आफु भूमिहिन सुकुम्वासी भएकोले।नगद ☐

(५.ख)मेरो स्वामित्वमा १ कठ्ठा सम्म जमिन भएर पनि आगलागिका कारण घर नस्ट भएको र आफ्नो परिवारको नाममा वेचविखन गर्ने कुनै जायजेथा नभएको तथा सरकारी/ गैरसरकारी संस्थावाट रु ५० हजार भन्दा कम रकम सहयोग प्राप्त भएको परिवार भएकोले।नगद ☐

(६.क) मेरो घर बाडीका कारण पूर्ण रुपमा क्षति भएकोले घर विहिन भएको र मैलेअन्य

सरकारी तथा गैर सरकारी संस्थावाट रु ५० हजार भन्दा कम सहयोग प्रास भएकोले। नगद ☐

(६.ख)मेरो घर जंगली जनावारका कारण पूर्ण क्षति भई घर विहिन भएको रअन्य सरकारी तथा गैर सरकारी संस्थावाट रु ५० हजार भन्दा कम सहयोग प्रास भएकोले। नगद ☑

(७)मेरो घर भए पनि घरको छाना पराल, स्याउला, प्लास्टिक, विटुमिनको ड्रम वा यस्तै प्रकारका वस्तुबाट छाई आगो, पानी तथा हुँरीबाट सहजै प्रभावित भएको वा जस्ताको छाना भए पनि जिर्ण अवस्था भई पानी हावाबाट प्रभावित भएकोले जस्ताको छाना लगाउन । नगद ☐

(८) संघीय सरकारद्धारा शुरक्षितनागरिक आवास कार्यक्रम अन्तर्गत रु ...................(अक्षेरुपी रु ..............................................................................................) अनुदान लिए पनि उक्त रकम वरावरको काम गरेको तर उक्त रकमले घर निर्माण हुन नसकी अधुरो अवस्थामा रहेकोले घर सम्पन्ने गर्न रकम अपुग भएकोले।नगद ☐

निवेदको नामः...................................

निवेदकको ठेगानाः...............................

निवद्रेकको सहि/ल्याप्चे........................

मितिः.......................................................

अनुसूची-२
दफा ४ संग सम्बन्धित
वडा कार्यले निर्णय सहित संलग्न गर्नु पर्ने कागज

-लाभग्राहीको नामः.......................................

-लाभग्राहीको ठेगानाः वडा न............. टोल/बस्तीको नामः.......................................

-परिवार संख्याः...........

-परिवारमा अपाङ्गता भएका सदस्य भए संख्याः...........................

-रातो कार्डवालाः संख्याः......... निलो कार्डवाल संख्याः............... पहेलो कार्डवाला संख्याः.........

-सेतो कार्डवाला संख्याः.........

-परिवार विहिन एकल महिलाः हो ☐ होइन ☐ परिवार विहिन वृद्ध/वृद्धा हो ☐ होइन ☐

-लाभग्राहीको सम्पत्तिः................. कठ्ठा

-एका घर परिवारको कुनै सदस्य देश भित्र वा वैदेशिक रोजगारीमा गएको छ ☐ छैन ☐

-लाभग्राहीले लगाउन सक्ने नगद लागत सहभागित वा श्रमदानः....................................

**-कुनै अन्य सरकारी तथा गैर सरकारी संस्था/दाताले सहभागी हुन चाहेको भए सोको विवरण**

नगदः.................................... वस्तुगत सहायताः...................................................

-सहभागी हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्था/दाताको नामः...........................

**-यस अघि सुरक्षित नागरिक आवास अन्तर्गत वा घर निर्माणको लागी अन्य सरकारी तथा गैर सरकारी संस्था/दाताबाट रकम प्राप्त गरेको भए ।**

सुरक्षित नागरिक आवास अन्तर्गत प्राप्त भएको रकम रुः.........................

अन्य सरकारी तथा गैर सरकारी संस्था/दाताबाट प्राप्त रकम रु..........................

**लाभग्राहीको प्राथमिकिकणः ............ (यसै कार्यविधिको दफा ४ का प्राथमिकिकरण मध्ये कुनमा पर्ने हो )**

प्रमाणित गर्ने
वडा अध्यक्ष

आज्ञाले
शशि राई
प्रमुख प्रशासकीय अधिकृत